# माण्डु हाइड्रोपावर लि.

**१४औ तथा १५औ वार्षिक साधारण सभाको निर्णय**
**दर्ता नं. १३३७**

# MANDU HYDROPOWER LTD.

**14th & 15th ANNUAL GENERAL MEETING MINUTE**
**Reg.no.1337**

स्थान/ Venue : नेपा बैंक्वेट,नयाँबजार, काठमाडौं (Nepa Banquet, Nayabazar, Kathmandu)
माध्यम/ Medium : भौतिक उपस्थिति तथा विद्युतीय माध्यम ( Physical attendance &Virtual medium)
मिति / Date: २०८३।०५।१८ (3rd September 2026)
समय / Time : १०:०० बजे (10:00 AM)

**उपस्थिति :**

1. Mr. Rabindra Lal Shrestha (Independent) -Chairman
2. Ms. Sophia Pande' (Representative, Himalayan Infrastructure Fund Ltd.) -Director
3. Mr. Tian Jiayuan (Representative, Sichuan Hechuan Investment Co. Ltd.) -Director
4. Mrs. Zhu Xianxian (Representative, Sichuan Hechuan Investment Co. Ltd.) -Director
5. Mr. Barun Shrestha (Public) -Director

**गणपूरक संख्याः**

| उपस्थित | प्रतिशत् (%) |
|---|---|
| संस्थापक शेयरधनी स्वयं उपस्थित | १७.५७ |
| संस्थापकको तर्फबाट प्रतिनिधी (प्रोक्सी) मार्फत उपस्थित | ६१.१२ |
| र्सवसाधारण शेयरधनीको तर्फबाट स्वयं उपस्थित | १.१० |
| र्सवसाधारणको तर्फबाट प्रतिनिधी (प्रोक्सी) मार्फत उपस्थित | - |
| कूलशेयर संख्याको उपस्थित प्रतिशत | ७९.७९ |

MANDU HYDROPOWER LTD. Regd. 1337/68/069

## सभाको वैधानिकता

आज वसेको यस कम्पनीको १४औ तथा १५औ वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री रविन्द्र लाल श्रेष्ठज्यूको अध्यक्षतामा वसेको वैठकमा सर्वप्रथम अध्यक्ष ज्यूले संचालक, शेयरधनी तथा अन्य उपस्थीत महानुभावहरुलाई कम्पनीको यस बार्षिक साधारण सभामा स्वागत गर्नुभयो ।

मिति २०८३/०४/२७ गतेको यस कम्पनीको संचालक समितिको वैठकको निर्णयानुसार यस कम्पनीको आ.व. २०८१/०८२ र २०८२/०८३ को बार्षिक आर्थिक बिवरण, संचालकको प्रतिवेदन, दफा ७८ अनुसार तयार गरिएको प्रतिवेदन र बार्षिक साधारण सभामा पेश हुने प्रस्तावहरु शेयरधनीहरुको Email ठेगानामा पठाईको साथै उपरोक्त बमोजिम यस कम्पनीको आ.ब. २०८१/०८२ र २०८२/०८३ को बार्षिक साधारण सभामा सबै शेयरधनीहरूलाई भाग लिनका लागि मिति २०८३/०४/२८ र २०८३/०४/३१ गतेको राष्ट्रिय दैनिक पत्रिका "आर्थिक अभियान" मा वार्षिक साधारण सभामा प्रस्तुत हुने प्रस्तावको व्यहोरा समेत उल्लेख गरी सूचना प्रकाशन गरिएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७३(२) तथा कम्पनीको स्वीकृत नियमावली बमोजिम गणपूरक संख्या पुगेको र सभाको कार्वाहीका लागि वैधानिकाता ठहर गर्दै साधारण सभाको विषय सूचिमा प्रवेश गरी देहाय अनुसार छलफल तथा निर्णय गरियो ।

## १४औं तथा १५औं वार्षिक साधारण सभामा प्रस्तुत हुने प्रस्तावहरु (एजेन्डाहरु) :

१. **सामान्य प्रस्ताव :**

क) आ.व.२०८१/०८२ र आ.व.२०८२/०८३ संञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरि पारित गर्ने सम्बन्धमा ।

ख) आ.व.२०८१/०८२ र आ.व.२०८२/०८३ को लेखापरिक्षकको प्रतिवेदन, २०८२ आषाढ मसान्त सम्म र २०८३ आषाढ मसान्त सम्मको वासलात, आय व्यय विवरण र सोही अवधिको नगद प्रवाह लगायत वित्तिय विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

ग) आ.व.२०८२/०८३ को कारोवारको हिसाव लेखापरिक्षण गर्नका निमित्त संञ्चालक समितिबाट नियुक्ति र कम्पनी रजिष्ट्रार कार्यालयबाट स्वीकृत लेखापरिक्षक तथा निजको पारिश्रमिक अनुमोदन गर्ने सम्बन्धमा ।

घ) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस कम्पनीको आ.व.२०८३/०८४ को कारोवारको हिसाव लेखापरिक्षण गर्नका निमित्त लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

ङ) संञ्चालक समितिबाट प्रस्ताव गरिएको हाल कायम रहेको चुक्ता पूँजी रु.१,३६,३६,३७,०००/- को १२.५२६३% हुन आउने नगद लाभांश रु.१७,०८,१३,४७७/- (अक्षरेपी सत्र करोड आँठ लाख तेह्र हजार चार सय सतहत्तर रुपैया) मा प्रचलित कानुन बमोजिम कर कट्टी गरि स्वीकृति प्रदान गर्ने सम्बन्धमा । (प्रस्तावित नगद लाभांश मध्ये ०.५२६३% आ.व २०८१/०८२ (बोनस शेयर लाभांश कर प्रयोजनार्थ) तथा १२% आ.व २०८२/०८३ को लागि संचित मुनाफाबाट वितरण गर्न लागिएको)

च) संस्थापक शेयरधनीहरुको तर्फबाट संञ्चालक समितिको निर्वाचन तथा स्वतन्त्र संञ्चालकको नियूक्ति अनुमोदन गर्ने सम्बन्धमा ।

## २. विशेष प्रस्ताव

क) संञ्चालक समितिबाट आ.व.२०८१/०८२ सम्मको संचित मुनाफाबाट प्रस्ताव गरिएको र विद्युत नियमन आयोगबाट स्वीकृति प्राप्त कम्पनीको हाल कायम चुक्ता पूँजी रु.१,३६,३६,३७,०००/-( अक्षरेपी एक अर्व छत्तिस करोड छत्तिस लाख सैतिस हजार) को १०% का दरले हुने रु.१३,६३,६३,७००/- ( अक्षरेपी तेह्र करोड त्रिसठी लाख त्रिसठी हजार सात सय) बराबरको बोनस शेयर बितरण गर्ने स्वीकृति तथा अनुमोदन प्रदान गर्ने सम्बन्धमा ।

ख) प्रबन्धपत्र तथा नियमावलीमा पुँजीवृद्धि लगायत अन्य आवश्यक संशोधन गर्ने सम्वन्धमा साथै प्रबन्धपत्र तथा नियमावलीमा नियमनकारी निकायहरुबाट कुनै संशोधन, फेरबदल तथा थपघट गर्नुपर्ने कुनै सुझाव तथा निर्देशन प्राप्त भएमा सोको लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

ग) संञ्चालक समितिको दैनिक भ्रमण भत्ता पारित गर्ने सम्बन्धमा ।

## ३. विविध ।

## छलफल तथा निर्णयहरु

### १. सामान्य प्रस्ताव :

क) **प्रस्ताव नं.१ (क) उपर छलफल हुँदा** यस कम्पनीको सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले आर्थिक वर्ष ०८१/०८२ र ०८२/०८३ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो । तत् पश्चात उक्त वार्षिक प्रतिवेदन र आर्थिक वर्ष ०८१/०८२ र ०८२/०८३ को वित्तिय विवरण उपर छलफल गर्न शेयरधनीहरुलाई प्रस्ताव गरिएकोमा, शेयरधनीहरु उत्तम दत्त पाण्डे, भेषराज भण्डारी, शत्रुधन श्रेष्ठ, इन्द्र प्रसाद लामिछाने, सुदीप श्रेष्ठ, गोविन्द के.सी, ब्रम्हदेव शाक्य, इन्द्र कृष्ण श्रेष्ठ, डमरु वल्लभ घिमिरे, कृष्ण प्रसाद अधिकारी, निरुपमा गुप्ता, उत्तम पाठक, राज काजी रंजित, युगल नारायण बसेल, शेखर सिटौला, ड्यासबाट र त्यसै गरि जगन्नाथ आचार्य, डा.रामजी प्रसाद पण्डित र लक्ष्मण बहादुर श्रेष्ठले लिखितमा आफनो राय, सुझाव, प्रतिकृया र जिज्ञासाहरु राख्नुभयो । जसको सारभूत भनाई निम्नअनुसारको बुँदामा केन्द्रीत गरिएको छ ।

- गत वर्ष बाढी तथा पहिरोबाट ठूलो क्षति भई प्रभावित भएको यस आयोजना छोटो समयमा पुनः निर्माण सम्पन्न गरि पुनः संचालनमा गर्नु भएको साथै हाल जडित क्षमतामा थप १० मे.वा जडित गरि कम लागतमा निर्माण सम्पन्न गर्नु भएकोमा यसका कर्मचारीहरु देखि लिएर बोर्डसमेत धन्यवादका पात्र छन् भनी बधाई दिनुभयो ।
- गत आ.व २०८१।०८२ वार्षिक साधारण सभा समयमा गर्न नसके पनि दुई वर्षको एकै पटक वार्षिक साधारण गर्नु भई कम्पनीले १० प्रतिशत बोनस शेयर र १२.५२६३ प्रतिशत नगद लाभांश वितरण गरेकोमा र सो लाई निरन्तरता दिन सुझाव तथा धन्यवाद ज्ञापन गर्नुभयो । त्यसै गरि अब उपरान्त वार्षिक साधारण सभा समयमा गर्न बोर्डका पदाधिकारीहरुलाई समेत सुझाव दिनुभयो ।

HYDROPOWER LTD. Regd.

- कम्पनीले संचालन खर्चमा अपनाएको मितव्ययीताको तथा कम्पनीको चुस्त व्यवस्थापनको प्रशंसा गर्नुभयो ।
- आज हुन गई रहेको संस्थापक शेयरधनीहरुको तर्फबाट संञ्चालकको निर्वाचनमा पुनः सोहि समूह निर्वाचित हुन सुझाव र नव-निर्वाचित संञ्चालकहरुलाई अग्रिम रुपमा शुभकामना व्यक्त गर्नुभयो ।
- गत आ.व २०८१।०८२ को तुलनामा आ.व २०८२।०८३ मा मर्मत संभार तथा प्रशासनिक खर्च बढनुको कारण के हो भनि प्रश्न राख्नु भयो ।
- कम्पनीको भावी योजना तथा हकप्रद शेयर जारी, कम्पनीले दाबी गरेको बीमा मुल्यांकन, हाल बीमा गरिएको कम्पनीको नाम, भ्रमण भत्ता, सामाजिक उत्तरदयित्व, जगेडामा रहेको पार्टपुर्जाको मौज्दात बारे जिज्ञासाहरु राख्नुभयो ।

कम्पनीको सभामा शेयरधनीहरुले राख्नु भएको राय, सुझाव, प्रतिकृया र जिज्ञासाहरु प्रति अध्यक्षज्यूले धन्यवाद ज्ञापन गर्दै निम्न जवाफ दिनुभयो ।

- गत आ.व २०८१।०८२ मा आयोजनामा बाढी तथा पहिरोबाट ठूलो क्षति भएको साथै नियमन निकाय बाट बोनस शेयर वितरणको लागि अग्रिम स्वीकृती लिनुपर्ने भएको जानकारी गराउदै कम्पनीको अगामी वर्षहरुमा निर्धारीत समयावधिमा रही हामी वार्षिक साधारण सभा गर्ने छौ ।
- गत आ.व २०८१।०८२ मा बाढी तथा पहिरोबाट ठूलो क्षति भएको कारण आयोजना पूर्ण रुपमा बन्द रही संचालनमा नरहेको हुदाँ गत आ.व २०८१।०८२ तुलनामा यस आ.व २०८२।०८३ खर्च बढन गएको जानकारी गराउनु भयो ।
- सम्भाव्य क्षेत्रको पहिचान गरि भावी लगानीको विविधिकरणमा ध्यान दिइनेछ ।
- विमा कंम्पनीको नाम हिमालयन एभरेष्ट ईन्सुरेन्स लिमिटेड रहेको छ ।
- सामाजिक उत्तरदायित्व अन्तर्गतको खर्चमा आयोजना रहेको स्थानमा नियमित सहयोग गरिआएको र गर्दै जाने तथा हालै रसुवामा आएको बाढीले, पिडितहरुको लागि सहयोगार्थ यस कंम्पनीले IPAN मार्फत प्रधानमन्त्री राहत कोषमा रु.पन्ध्र लाख जम्मा गरिएको जानकारी गराउनु भयो ।
- जगेडामा रहेका पार्टपुर्जा उपयोगमा नआएको हुनाले मौज्दातमा परिवर्तन देखिएको छैन ।
- कंम्पनीको नियमावलीमा सञ्चालकको भ्रमण भत्ता सम्बन्धी व्यवस्था रहेता पनि हाल सम्म भ्रमण भत्ता निर्धारण नभएकोले सम्बन्धी प्रस्ताव पेश गरिएको हो ।
- इन्स्योरेन्स सर्भेयरबाट प्राप्त मुल्यांकनको आधारमा सम्पत्ति बीमा अन्तर्गत ह्रासकट्टी, अवशेष मूल्य र ५% कटौती योग्य रकम कट्टी गरि रु. ३४.५२ करोड साथै नाफामा हुने नोक्सानी अन्तर्गत रु.२४.३० करोड गरि जम्मा रु.५८.८२ करोड बीमा कम्पनीबाट भुक्तानी प्राप्त गरिएको जानकारी गराउनु भयो ।

तत् पश्चात अध्यक्षज्यूले आ.व. २०८१/०८२ र ०८२/०८३ सञ्चालक समितिको वार्षिक प्रतिवेदन स्वीकृत गर्न सभा समक्ष प्रस्ताव गर्नुभयो र उक्त वार्षिक प्रतिवेदन आजको सभाबाट सर्व-सम्मतिले पारित गरियो ।

ख) **प्रस्ताव नं. ख उपर छलफल हुँदा** यस वार्षिक साधारण सभामा कंम्पनीको लेखापरिक्षक श्री **LA & Associates, Chartered Accountants** ले तयार गर्नुभएको आ.व. २०८१/०८२ र ०८२/०८३ को लेखा परिक्षकको प्रतिवेदन, वासलात, आयव्यय विवरण र सोही अवधिको नगद प्रवाह विवरण माथि छलफल गरी उक्त प्रतिवेदन तथा आ.ब. २०८१/०८२ र ०८२/०८३ अर्थात २०८१ श्रावण १ देखी २०८२ आषाढ मसान्त सम्मको र ०८२/०८३ अर्थात २०८२ श्रावण १ देखी २०८३ आषाढ मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण पारित गर्ने निर्णय गरियो ।

ग) **प्रस्ताव नं. ग उपर वैठकमा छलफल हुँदा** यस कम्पनीको सञ्चालक समितिबाट नियुक्ति र कम्पनी रजिष्ट्रार कार्यालयबाट स्वीकृत लेखापरिक्षक श्री LA & **Associates** लाई आ.व. २०८२/०८३ को लेखापरिक्षण गर्न र निजको पारिश्रमिक (मु.अ.कर बाहेक) रु.२,००,००० (अक्षरेपी दुई लाख रुपैया) निर्धारण गरिएकोलाई यसै वार्षिक साधारण सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

घ) **प्रस्ताव नं. घ उपर वैठकमा छलफल हुँदा** लेखापरिक्षक श्री A Bhandari **Associates** यस कम्पनीको आगामि आ.व. २०८३/०८४ को लेखापरिक्षण गर्न नियुक्तिका लागि योग्य रहनु भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस कम्पनीको आगामि आ.व. २०८३/०८४ को लेखापरिक्षण गर्न संचालक समितिको सिफारिस बमोजिम लेखापरिक्षक श्री A Bhandari **Associates** लाई नियुक्ति गर्ने र निजको पारिश्रमिक (मु.अ.कर बाहेक) रु.२,००,००० (अक्षरेपी दुई लाख रुपैया) निर्धारण गर्ने निर्णय पारित गरियो ।

ङ) **प्रस्ताव नं. ङ उपर छलफल हुँदा** सञ्चालक समितिले सिफारिस बमोजिम आ.व. २०८१/०८२ र २०८२/०८३ को कम्पनीको संचित मुनाफावाट कम्पनीका शेयरधनीहरुलाई कम्पनीको चुक्ता पुँजी रु १,३६,३६,३७,०००/- को १२.५२६३ % ले हुन आउने नगद लाभांश रु.१७,०८,१३,४७७/- (अक्षरेपी सत्र करोड आँठ लाख तेह्र हजार चार सय सतहत्तर रुपैया) मा प्रचलित कानुन बमोजिम कर कट्टी गरि (प्रस्तावित नगद लाभांश मध्ये ०.५२६३% आ.व २०८१/०८२ (बोनस शेयर लाभांश कर प्रयोजनार्थ) तथा १२% आ.व २०८२/०८३ को नगद लाभांशको लागि कर सहित) वितरण गर्ने प्रस्ताव पारित गरियो ।

च) **प्रस्ताव नं. च उपर छलफल हुँदा** सञ्चालकको निर्वाचन सम्बन्धमा यस कम्पनीको नियमावलीमा भएको व्यवस्था बमोजिम साबिकका दिनदेखि नैं बोर्डमा प्रतिनिधित्व गर्ने सञ्चालकहरुको कार्यकाल आजको साधारणसभासम्म कायम रहेको । सो प्रयोजनको लागि संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने उम्मेदवारहरुलाई **कम्पनीको संचालन निर्वाचन कार्यविधि निर्देशिका २०८० बमोजिम**को अनुसुची बमोजिमको फारम भरी लाग्ने शुल्क सहित लेखा शाखामा तपशिलमा उल्लेखित व्यक्तिहरुको मात्र उम्मेदवारी परेको जानकारी सभालाई गराउनु भयो ।

HYDROPOWER LTD. Regd. 1337/68/069

## तपशिल

१. सोफिया पाँडे (हिमालयन इन्फ्रास्ट्रक्चर फण्ड लि.)

२. Li Huifeng (Sichuan Hechuan Investment Co. Ltd)

३. Gai Ke (Sichuan Hechuan Investment Co. Ltd)

तत्पश्चात्, निर्वाचन अधिकृतले कम्पनीको संचालन निर्वाचन कार्यविधि निर्देशिका २०८० बमोजिम निर्वाचनको प्रक्रिया पुरा गरि आगामी ४ वर्षको लागि कम्पनीका संस्थापक समुहबाट निम्न अनुसार व्यक्तिहरुले मात्र उम्मेदवारी दर्ता गराउनु भएकोले नियमावलीमा भएको व्यवस्था बमोजिम उहाँहरु निर्विरोध सञ्चालकमा निर्वाचित हुनु भएको घोषणा निवार्चन अधिकृत श्री सन्तोष भट्टराईज्यूले सभालाई गराए पश्चात् सभाहलले उक्त प्रस्ताव अनुमोदन भएको घोषणा गर्नुभयो ।

## निर्विरोध निवाचित सञ्चालकहरु

१. सोफिया पाँडे (हिमालयन इन्फ्रास्ट्रक्चर फण्ड लि.)

२. Li Huifeng (Sichuan Hechuan Investment Co. Ltd)

३. Gai Ke (Sichuan Hechuan Investment Co. Ltd)

साथै, स्वतन्त्र संञ्चालक श्री रविन्द्र लाल श्रेष्ठज्यूको नियुक्ति सभाबाट अनुमोदन गरियो ।

२. विशेष प्रस्ताव :

क) **प्रस्ताव नं. क उपर छलफल हुँदा** सञ्चालक समितिले सिफारिस गरेको र विद्युत नियमन आयोगबाट स्वीकृति प्राप्त भए बमोजिम आ.व. २०८१/०८२ को कम्पनीको संचित मुनाफाबाट कम्पनीका शेयरधनीहरुलाई कम्पनीको चुक्ता पुँजी रु १,३६,३६,३७,०००/- को १०% का दरले हुने १३,६३,६३,७०० (अक्षरेपी तेह्र करोड त्रिसठी लाख त्रिसठी हजार सात सय) बराबरको बोनस शेयर कित्ता १,३६३,६३७ वितरण गर्ने स्वीकृति तथा अनुमोदन प्रदान गर्ने विशेष प्रस्ताव पारित गरियो ।

ख) **प्रस्ताव नं. ख उपर छलफल हुँदा** यस कम्पनीको पुँजी वृद्धि गर्ने सम्बन्धमा छलफल गर्दा साविकमा यस कंम्पनीको स्वीकृत प्रवन्धपत्रको दफा ६ को (क), (ख) मा रहेको पुँजी तथा अन्य विवरणहरुलाई देहाय बमोजिम संशोधन सम्बन्धी अध्यक्षज्यूले प्रस्ताव राख्नु भएपछि छलफल पश्चात् सभाले सर्वसम्मतिबाट उक्त विशेष प्रस्ताव पारित गर्ने निर्णय गरियो । साथै प्रबन्धपत्र र नियमावलीमा गरिने संशोधन/थप उपर नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम प्रबन्धपत्र वा नियमावली संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने समेत विशेष प्रस्ताव पारित गरियो ।

DU HYDROPOWER LTD. Regd. 1337/68/069

प्रवन्धपत्रको दफा ६(क) (ख) मा भएको संशोधन :

क) यस कम्पनीको अधिकृत पूंजी रू.२,०००,०००,०००।- हुनेछ । उक्त पूँजीलाई रु.१००।-का दरले २०,०००,०००।- थान साधारण शेयरमा विभाजन गरिएको छ र हाल अग्राधिकार शेयर सम्बन्धी कुनै व्यवस्था गरिएको छैन ।

ख) यस कम्पनीको तत्काल जारी पूंजी रू.१,५००,०००,७००।- हुनेछ । उक्त पूँजीलाई रु.१००।-का दरले १५,०००,००७।-थान साधारण शेयरमा विभाजन गरिएको छ ।

ग) **प्रस्ताव नं. ग उपर छलफल गर्दा** सञ्चालक समितिले सिफारिस गरेको यस कंम्पनीको नियमावलीको नियम ३२ मा भएको प्रावधान अनुसार कंम्पनीका संञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा निर्धारण गर्ने सम्बन्धमा छलफल हुँदा यस कम्पनीका संञ्चालकको परिश्रमिक, भत्ता र सुविधा निम्नानुसार हुने निर्णय अनुमोदन प्रदान गर्ने विशेष प्रस्ताव पारित गरियो ।

| खर्चको विवरण | आन्तरीक भ्रमण (ने.रु.) | भारत भ्रमण लगायत अन्य सार्क देश भ्रमण( भा.रु.) | अन्य बैदेशिक भ्रमण (डलर) |
|---|---|---|---|
| दैनिक भत्ता | २,००० | २,००० | १०० |
| खाना भत्ता | २,००० | २,००० | ५० |
| हवाई टिकट, बस टिकट, रेल टिकट | वास्तविक खर्च अनुसार | वास्तविक खर्च अनुसार | वास्तविक खर्च अनुसार |
| होटेल खर्च | वास्तविक खर्च अनुसार | वास्तविक खर्च अनुसार | वास्तविक खर्च अनुसार |
| बिमानस्थल आउदा जादाको भाडा | वास्तविक खर्च अनुसार | वास्तविक खर्च अनुसार | वास्तविक खर्च अनुसार |

## ३. विविध ।

आ.व. २०८१/०८२ र २०८२/०८३ मा यस कम्पनीको संचालक समितिबाट भए गरेका सम्पुर्ण काम कार्वाहीहरू सन्तोषजनक देखिएकोले उक्त आ.व. २०८१/०८२ र २०८२/०८३ मा सञ्चालक समितिले गरेका सम्पुर्ण काम कार्वाहीहरू लाई अनुमोदन गर्दै हाल भएको संशोधनहरु अभिलेख गराई लिने शिलशिलामा नियमक निकायको सुझाब बमोजिम प्रबन्ध-पत्र र नियमावलीमा हुने समान्य थपघट एवम् संशोधन आई परेका सोही बमोजिम काम गर्न गराउन बोर्डलाई अख्तियारी दिने निर्णय गरीयो ।

अन्त्यमा आजको यस बार्षिक साधारण सभामा छलफल गर्नुपर्ने अन्य कुनै बिषय नभएको हुँदा नयाँ नियुक्त हुनु भएका संचालकहरु लाई वधाई तथा पूर्ण संचालकहरुलाई वहाँहरुको योगदानको प्रसंशा गर्दै र सभामा उपस्थित सम्पुर्ण शेयरधनीज्यू तथा आमन्त्रीत महानुभावहरु हरुलाई धन्यवाद दिनुहुदै अध्यक्षज्यूले सभा विसर्जन गर्नुभयो ।